# सन्धिखर्क नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सन्धिखर्क, अर्घाखाँची
लुम्बिनी प्रदेश ,नेपाल

प.स २०७८/०७९
च.नं

प्रथम पटक प्रकासित मिति: २०७८/०५/२२

नदीजन्य पदार्थको बिक्रिका लागि दरभाउपत्र/बोलपत्र आव्हान सम्बन्धी सूचना

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (६२) क र यस सन्धिखर्क नगरपालिकाको आर्थिक ऐन २०७७ को दफा १६अनुसूची-१५ को व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी सन्धिखर्क नगरपालिकाले तोकेको दरमा बिक्रि गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र आ.व २०७८/०७९ सम्म मान्य रहेको कर चुक्ता प्रमाणपत्र वा आन्तरिक राजस्व कार्यालयको म्यादथप भएको पत्र र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरु संलग्नगरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही दरभाउपत्र/बोलपत्र प्रक्रियामा सहभागी हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ।

तपसिल

| सि.नं | सूचना नं | विवरण | उत्खनन् परिमाण(घन फिट) | न्यूनतम रकम ( सेवाशुल्क र मु.अ कर बाहेक) | धरौटी रकम | फाराम दस्तुर ( रु ) |
|---|---|---|---|---|---|---|
| १ | ३/०७८/०७९ राजस्व | जरे खोला मिलमिले डाँडापारी देखी कडुले क्षेत्रसम्मका विभिन्न वगर घाट क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री गर्ने कार्य। । | १२८१०५ घन फुट | १०२४८४० | कवोल अंकको ५ प्रतिशत | १००० |
| २ | ४/ ०७८/०७९ राजस्व | सन्धिखर्क नगरपालिकाको बाँगी खोला,मथुरा खोला संगम सम्मका विभिन्न वगर क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री गर्ने कार्य। | २६९६९८ घन फुट मध्ये (१६९४९) घन फुट जिल्ला अनुगमन समितिबाट निर्णय भए बमोजिम हुनेछ थप घट भएमा सोही बमोजिम हुनेछ ।) | २१५७५८४ | कवोल अंकको ५ प्रतिशत | ३००० |

प्रमुख प्रशासकीय अधिकृत

☎०७७-४२०११२, ४२०६६२ E-mail:- sandhikharkamunicipality@gmail.com URL:-http://www.sandhikharkamun.gov.np

# सन्धिखर्क नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सन्धिखर्क अर्घाखाँची

लुम्बिनी प्रदेश ,नेपाल


प.स २०७८/०७९

च.नं

शर्तहरु:

- फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व २०७८/०७९ सम्म मान्य रहेको करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा म्यादथप भएको पत्र र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, दरभाउपत्र/बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयको राजश्व शाखामा बुझाएको नगदी रसिद साथ निवेदन पेस गरी दरभाउपत्रको लागि मिति २०७८/०६/०५ गते र बोलपत्रको लागि मितिः २०७८/०६/२० गते कार्यालय समयभित्र कार्यालयबाट फाराम खरिद गर्न सकिनेछ।
- दरभाउपत्र/बोलपत्र पेस गर्ने र दाखिला गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।दरभाउपत्र/बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।आफुले कबोलगरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक सन्धिखर्क शाखामा रहेको धरौटी खाता नं ३०५०१००३०३००००० २ मा नगद जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्रबैंकबाट इजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा दरभाउपत्र/बोलपत्र नं र नाम उल्लेख गरी दरभाउपत्रको लागि ७५ दिन र बोलपत्रको लागि १२० दिनको म्याद भएको बिडबण्ड सिलबन्दी खाम साथ पेस गर्नुपर्नेछ ।
- खरिद गरेको दरभाउपत्र/बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहि छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम र ठेगाना ,कामको विवरण,दरभाउपत्र/बोलपत्र विवरण प्रोपराइटरको नाम , ठेगाना , फोन नं मोबाइल नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई दरभाउपत्र मिति २०७८/६/०६ गते र बोलपत्र मिति २०७८/६/२२ गतेका दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्नेछ।
- एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र/बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।रीतपूर्वक पर्न आएका दरभाउपत्र/बोलपत्र सम्बन्धी कागजातहरु पेस गर्ने मितिको तत् तत् दिनको २.०० बजे विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ।साथै बोलपत्रदाता वा निजको प्रतिनिधि दरभाउपत्र/बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा दरभाउपत्र/बोलपत्र खोल्न बाधा पर्नेछैन।

प्रमुख प्रशासकीय अधिकृत

☎०७७-४२०११२, ४२०६६२ E-mail:- sandhikharkamunicipality@gmail.com URL:-http://www.sandhikharkamun.gov.np

# सन्धिखर्क नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सन्धिखर्क अर्घाखाँची

लुम्बिनी प्रदेश ,नेपाल

प.स २०७८/०७९

च.नं

- दरभाउपत्र /बोलपत्र सम्बन्धी विस्तृत जानकारी दरभाउपत्र/बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेस हुन आएका दरभाउपत्र/बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन। दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
- दरभाउपत्र/बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले दरभाउपत्रको हकमा ७ दिन र बोलपत्रको हकमा १५ दिनभित्र मू.अ .कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्तावापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दाश्रो किस्तावापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्रबैंकबाट ईजाजतप्राप्त बैंकबाट यस कार्यालयको नाममा २०७९साल असारमसान्त सम्म म्यादसहित जारी गरिएको बैंकग्यारेण्टी (परफरमेन्स बण्ड) पेसगरी पट्टा उठाउनुपर्नेछ । साथै दरभाउपत्र /बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर दरभाउपत्र/बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।
- तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफतगरी नियमानुसार दरभाउपत्र/ बोलपत्र बन्दोवस्त गरिनेछ। यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा यस नगरपालिकाबाट जारी भएका कानुन, प्रदेश कानून, संघीय सरकारबाट जारी मापदण्ड बमोजिम हुनेछ। साथै यसकार्यालबाट गरिएको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन यस दरभाउपत्र/बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

(नोटःविस्तृत जानकारीको लागि यस कार्यालयको www.sandhikharkamun.gov.np मा समेत हेर्न सकिने छ।)